"सूचनाको हक सम्बन्धि ऐन, २०६४" को दफा ५ को उपदफा (३) र (४) र दफा ६ ले निर्देश गरेअनुरुप सार्बजनिक गरिएको विवरण

**सुचना सार्वजनिक गर्ने निकायको नामः कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**सूचना प्रकाशन गरेको अबधिः २०८१/०७/०१ देखि २०८१/०९/२९ सम्म**

१. **निकायको स्वरुप र प्रकृतिः**

देशमा संघिय व्यवस्था लागु भईसकेपछि गण्डकी प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतमा नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला कार्यक्षेत्र रहने गरी कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को स्थापना भएको हो। आ.व. २०७७/७८ को पौष महिना सम्म कृषि ज्ञान केन्द्र, तनहुँको सम्पर्क कार्यालयको रुपमा रही कार्यक्रम संचालन तथा सहजिकरणका भइरहेको अवस्था थियो। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा खाध्यान्न, तरकारी, मसला लगायत अन्य बालीहरुको प्रचुर सम्भावना रहेको र जिल्लामा आर्थिक अधिकार सहितको कार्यालय स्थापना हुन कृषकहरुको माग अनुसार गण्डकी प्रदेश सरकारको मन्त्रीपरिषद्को मिति २०७७/६/२६ गतेको निर्णय अनुसार कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) स्थापना भई मिति २०७७/९/१२ गते विधिवत रुपमा समुद्घाटन भएको हो। यस केन्द्रको कार्यालय कावासोतीमा अवस्थित रहेको छ। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई समय सापेक्ष नविनतम प्रविधिको माध्यमबाट आधुनिकिकरण र व्यवसायीकरण गरी समग्र जिल्लावासीको जीवस्तरमा सुधार ल्याउनु यस कार्यालयको मुख्य जिम्मेवारी रहेको छ । यस केन्द्र मार्फत मुख्यतया कृषि प्रविधि प्रसार, कृषकहरुको क्षमता विकास तथा अनुदान मार्फत प्रोत्साहनका कार्यक्रमहरु संचालन भइरहेका छन्।

२. **निकायको काम, कर्तव्य र अधिकारः**

गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावलीबमोजिम कृषि ज्ञान केन्द्रको कार्यविवरण २०७४ , निम्न अनुसार रहेको छ|

- जिल्लाको कृषि तथ्याङ्क प्रोफाइल तयार तथा अद्यावधिक गर्ने ।
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरूलाई तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।
- ब्यबसायीक किसान, उद्यमी तथा कृषि फार्म सञ्चालकको लागि तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।
- आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने ।
- माटो तथा मल, बीउ तथा बाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने ।
- सङ्घीय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क विन्दुको रूपमा कार्य गर्ने।
- प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्ने ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका जोन र सुपरजोनको लागि प्राविधिक सेवा उपलब्ध गराउने ।
- प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका पकेट तथा ब्लकको कार्यक्रम सञ्चालन तथा प्राविधिक सेवा उपलब्ध गराउने ।
- भौगोलिक विविधता अनुसारको प्राथमिकता प्राप्त बाली वस्तु विकासको योजना मूल्य अभिवृद्धि शृङ्खला विकास तथा कार्यान्वयनको समन्वय गर्ने ।
- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग गर्ने ।
- विभिन्न बालीनालीका रोग कीराहरूको पेष्ट म्याप तयार गर्ने ।
- विभिन्न बालीनाली तथा रोग कीराहरूको सङ्कलन, पहिचान तथा संरक्षण गरी सङ्ग्रहालयको रूपमा विकास गर्ने।
- स्थानीय बाली/रैथाने बाली र लोपोन्मुख तथा उपेक्षित बालीको जर्म प्लाजम सङ्कलन गरी उपलब्ध गराउने सँग सहकार्य गर्ने ।
- स्थानीय तहका कृषि एकाइहरूबाट कृषि सम्बन्धी तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैवी प्रकोपको विवरण सङ्कलन गरी तथ्याङ्क प्रादेशिक तथा सङ्घीय तालुक निकायहरूमा पठाउने ।
- बीउ, बिषादी तथा मलखाद विक्रेताहरूको अनुमति, नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- कमाण्ड क्षेत्रभित्र रहेका स्रोत केन्द्रहरू, फल फूल तथा तरकारीको नर्सरीहरूलाई प्राविधिक सेवा प्रदान गर्ने ।
- कमाण्ड क्षेत्रभित्र रहेका फलफूल तथा तरकारीको नर्सरीहरूको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने ।
- निरोगिताको प्रमाणपत्र बिना बीउ, बिरुवा, बेर्ना तथा अन्य रोपण सामग्रीहरूको ओसारपसारमा तालुक निकायसँग समन्वय गरी रोक लगाउने ।
- व्यवसायिक फर्म, बिमा, कृषिजन्य उद्योगमा विद्युतीकरण, बिषादी विक्रेता आदिको लागि सिफारिस प्रदान गर्ने ।
- कमाण्ड क्षेत्र भित्र कृषि उद्यम् तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरूको लागि प्राविधिक तथा व्यवसायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने ।
- कृषक वर्गीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने ।
- कृषि स्नातक तथा जेटि र जेटिय कोर्ष अध्यनरत विद्यार्थीहरूको लागि इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्ने ।

- सङ्घीय एवम् प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरूलाई सुसूचित गर्ने, गराउने ।
- स्थानीय तह अन्तर्गत नगरपालिका, गाउँपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भूगोल, हावापानी, मोहडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीको आधारमा कृषिको व्यवसायिकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिसदसँग समन्वय गरी बाह्य अनुसन्धान स्थलको रूपमा कार्य गर्ने ।
- सङ्घीय तथा प्रदेश सरकारले तोकेका अन्य प्राविधिक कार्यहरू गर्ने ।
- समग्र कृषि विकासको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।
- यस अघि साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरूमा सहभागिता जनाउने।
- कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरू गर्ने ।

यस कार्यालय मार्फत चालु आ.व. मा संचालन हुनेगरी गण्डकी प्रदेश, कृषि तथा भूमि व्यवस्था मन्त्रालय/ कृषि विकास निर्देशनालयबाट विभिन्न कार्यक्रमहरुको अख्तियारी प्राप्त भएको छ। बजेटमा समेटिएका कार्यक्रम तथा बजेटमा नतोकिएका अन्य नियमित कार्यक्रमहरु समेत सम्बन्धित मापदण्ड र प्रचलित कानुनको अधिनमा रही संचालन गर्नुपर्ने हुन्छ।

## ३. निकाय रहने कर्मचारी संख्याः

कृषि ज्ञान केन्द्र ,नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को कर्मचारी दरबन्दी र पदपुर्ती विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | पद | तह | सेवा/समुह | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त पद संख्या | करार | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | ९/१० औं | कृषि/ समूहकृत नहुने | १ | १ | ० | ० | |
| २ | कृषि अर्थ विज्ञ | ७/८ औं | कृषि/ एगृ. इको एण्ड मार्केटिङ्ग | १ | १ | ० | ० | |
| ३ | कृषि प्रसार अधिकृत | ७/८ औं | कृषि/ कृषि प्रसार | १ | १ | ० | ० | |
| ४ | बागवानी विकास अधिकृत | ७/८ औं | कृषि/ बागवानी विकास | १ | १ | ० | ० | |
| ५ | बाली संरक्षण अधिकृत | ७/८ औं | कृषि/ बाली संरक्षण | १ | १ | ० | ० | |
| ६ | बाली विकास अधिकृत | ७/८ औं | कृषि/ बाली विकास | १ | १ | ० | ० | |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि/ कृषि प्रसार | १ | १ | ० | ० | |
| ८ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि/ बाली संरक्षण | १ | ० | १ | ० | |
| ९ | लेखापाल/अधिकृत | ५/६ औं | प्रशासन/लेखा | १ | ० | १ | ० | |
| १० | सहायक/अधिकृत | ५/६ औं | प्रशासन/ सामान्य प्रशासन | १ | ० | १ | ० | |
| ११ | हलुका सवारी चालक | श्रेणीविहिन | इन्जिनियरिङ्ग/ मेकानिकल | १ | ० | १ | १ | |
| १२ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन/ सामान्य प्रशासन | १ | ० | १ | १ | |
| | | | **जम्मा** | १२ | ७ | ५ | २ | |

## ४. निकायबाट प्रदान गरिने सेवाः

- कृषकहरुलाई प्राविधिक सेवा प्रदान गर्ने।
- प्रदर्शन तथा प्रवर्द्धन कार्यक्रमका माध्यमबाट नयाँ प्रविधिहरुको प्रसार गर्ने।
- तालिम लगायतका कार्यक्रम मार्फत कृषकहरुको क्षमता विकास गर्ने।
- अनुदान कार्यक्रमहरु संचालन गर्ने।
- आकश्मिक बाली संरक्षण सेवा प्रदान गर्ने।
- बीउ विजन बिक्री इजाजतपत्र दर्ता तथा सिफारिस गर्ने।
- विषादि विक्रेता अनुगमन तथा सिफारिस गर्ने।

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेबार अधिकारीः

कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को संगठन संरचना यस प्रकार रहेको छः



कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को संगठन संरचनामा कायम रहे अनुसारका शाखा र सम्बन्धित शाखाका जिम्मेबार अधिकारी यस यस प्रकार रहेका छन्।

| क्र.सं. | शाखाको नाम | जिम्मेबार अधिकारी |
|---|---|---|
| १. | कार्यालय प्रमुखको नाम | श्री कुल प्रसाद तिवारी |
| २. | विशेषज्ञ शाखा | |
| २.१. | बाली संरक्षण फाँट | श्री मिना श्रेष्ठ |
| २.२ | कृषि प्रसार फाँट | श्री विश्वास काफ्ले<br>श्री टिकाराम जि.सी. |
| २.२. | बागबानी फाँट | श्री शंकर पौडेल |
| २.३ | वाली विकास फाँट | श्री दिनेश पाठक |
| ३. | योजना शाखा | श्री संजय ढकाल<br>श्री गिता शाह |
| ४. | प्रशासन शाखा | श्री मानबहादुर थनेत<br>श्री गंगा देवी ढकाल |

## ६. कार्यालयबाट प्रदान गरिने सेवाको दस्तुर तथा अवधिः

कार्यालयबाट प्रदान गरिने सेवाहरुमा देहाय बमोजिम दस्तुर तथा अवधि लाग्छ।

| क्र.सं. | प्रदान गरिने सेवाको विवरण | सेवा वापत लाग्ने दस्तुर | सेवा प्राप्त सकिने समयावधी |
|---|---|---|---|
| १ | अनुदानमूलक कार्यक्रमहरु | कार्यविधिमा उल्लेख भएबमोजिम | कार्यालयको कार्ययोजना अनुसार |
| २ | बाली बीमाको बीमा शूल्कमा अनुदान | निःशूल्क | वर्षभरी |
| ३ | स्थलगत क्षमता अभिबृद्धि तालिम | निःशूल्क | वर्षभरी |
| ४ | क्षमता विकास गोष्ठी र स्थालगत अनुगमन कार्यक्रमहरु | निःशूल्क | वर्षभरी |

| | | | |
|---|---|---|---|
| ५ | उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रम | निःशूल्क | वर्षभरी |
| ६ | माटो परिक्षण | पि.एचः रु.१०।-<br>नाइट्रोजनः रु.८०।-<br>पोटासः रु.८०।-<br>प्राङ्गारिक पदार्थः रु.१००।-<br>फस्फोरसः रु.१००।- | वर्षभरी |
| ७ | बालीनालीहरुको रोग किरा परिक्षण | निःशूल्क | १ हप्ता भित्र |
| ८ | स्थानीय तहमा कृषि शिबिर संचालन | निःशूल्क | वर्षभरी |
| ९ | स्थलगत तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धित | निःशूल्क | वर्षभरी |
| १० | आकस्मिक बाली संरक्षण सेवा | निःशूल्क | १ हप्ता भित्र |
| ११ | कृषिसँग सम्बन्धित अन्य प्राविधिक सेवा तथा परामर्श | निःशूल्क | वर्षभरी |
| १२ | बीउ विजन विक्री अनुमति पत्र दर्ता | दर्ता शूल्क रु. ४०० | १ हप्ता भित्र |
| १३ | बीउ विजन विक्री अनुमति पत्र दर्ता तथा नविकरण | समयावधि सकिएको ३ महिना भित्रको नविकरण शूल्क रु.२०० | १ हप्ता भित्र |
| १४ | बिषादी खुद्रा विक्रेता नयाँ ईजाजत पत्र दर्ता सिफारिस | निःशूल्क | १ हप्ता भित्र |
| १५ | बिषादी खुद्रा विक्रेता नविकरणको लागि सिफारिस | निःशूल्क | १ हप्ता भित्र |

## ७. निर्णय प्रकृया र अधिकारीः

कार्यालयबाट संचालित अनुदान कार्यक्रमहरुको सुचना प्रकाशन, फिल्ड अनुगमन, सम्झौता तथा भुक्तानी सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ तथा प्रचलित अन्य नियम कानुनको आधारमा रही निर्णय गर्ने गरिएको छ। कार्यालयको आर्थिक व्यवस्थापनका लागि कार्यालय प्रमुखलाई आर्थिक अख्तियारी प्रदान भएको हुन्छ।

सूचना सम्बन्धि प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले अध्ययन गरि सम्बन्धित शाखामा आवश्यक कारवाहीको लागि पठाई शाखा प्रमुखहरुवाट कारवाहीको प्रक्रिया बढाउने गरिन्छ।साथै आवश्यकता अनुसार स्टाफ बैठक,सम्बन्धित शाखा प्रमुखको राय र टिप्पणी बिधिको प्रक्रिया अपनाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कार्यालयबाट संचालन भएका विभिन्न कार्यक्रमहरु सम्बन्धि गुनासो संकलन तथा सोको सुनुवाई प्रकृयाका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ। कार्यालय प्रमुख श्री कुल प्रसाद तिवारीले गुनासो सुन्ने र सोको सुनुवाई तथा व्यवस्थापन गर्नुहुनेछ।

## ९. सम्पादन गरेको कामको विवरणः

कार्यालय मार्फत आ.व. २०८०/८१ को प्रथम ३ महिनामा संचालन मुख्य मुख्य आयोजनाहरुको विवरण पेश गरिएको छः

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु (हजारमा) | हालसम्मको प्रगति |
|---|---|---|---|
| १ | मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | १०० | १२ वटा फर्म/समुह/सहकारी मार्फत सम्झौता सम्पन्न |
| २ | बाली विमाको विमा शुल्कमा अनुदान | ६०० | बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि-२०८१ अनुसार हाललाई अनुदान स्थगन गरिएको |
| ३ | स्थानिय स्तरमा कार्यरत र्य प्रा.स./ ना.प्रा.स. हरूको क्षमता अभिबृद्धि तालिम | १५० | तयारी भइरहेको |
| ४ | बाली विशेष स्थलगत तालिम (सेवाटेवा सहित) | २५० | मध्यबिन्दु न.पा-४ मा जैविक तरकारी खेति सम्बन्धि तालिम सम्पन्न |
| ५ | बिषादी सचेतना कार्यक्रम | १५० | हुप्सेकोट तथा देवचुली नगरपालिकामा गरि २ वटा सम्पन्न भएको |
| ६ | खाद्यान्नबाली प्रवर्द्धन आयोजना | | |
| ६.१ | खाद्यान्नबाली सम्बन्धी स्थलगत तालिम | १०० | १ वटा सम्पन्न |
| ६.३ | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | ७००० | १९ वटा समुह सहकारी मार्फत संचालन हुने |
| ७ | तरकारी बाली प्रवर्द्धन आयोजना | | |
| ७.१ | आकाश्मिक बाली संरक्षण सेवा | १०० | आवश्यकता अनुसार संचालन हुने |
| ७.२ | बेमौसमी तरकारी खेती प्रवर्धन कार्यक्रम | २५०० | ३३ वटा |

| | | | |
|---|---|---|---|
| | | | फर्म/समुह/सहकारी मार्फत |
| ८ | फलफूलबाली विकास आयोजना | | |
| ८.१ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | १५०० | सूचना प्रकाशन |
| ८.२ | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | १५६० | सूचना प्रकाशन |
| ८.३ | फलफूल बगैंचामा अभियानमुलक बाली संरक्षण कार्यक्रम | ३०० | आवश्यकता अनुसार संचालन भैरहेको |
| ९ | प्रविधि प्रवर्धन तथा सेवा सम्बन्धि कार्यक्रमहरु | | |
| ९.१ | कृषि तथ्यांक संकलन तथा प्रकाशन | ५०० | संकलन भइरहेको |
| ९.२ | उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रर्यम | २५० | तयारी भइरहेको |
| ९.३ | प्रयोगशाला सेवा तथा संचालन | ३० | संचालन भइरहेको |
| ९.४ | बाली उपचार शिविर संचालन | १८० | १ वटा सम्पन्न भएको |
| ९.५ | स्थानीय तहमा कृषि शिबिर संचालन | २०० | बौदिकाली र बुलिङटारमा सम्पन्न भएको |
| ९.६ | Pesticide Poisoning Surveillance | २०० | विज्ञको माग गरिएको |
| ९.७ | रोग किराको सर्भे सर्भेलेन्स कार्याक्रम | १०० | विज्ञको माग गरिएको |
| ९.८ | उत्कृष्ट कृषकलाइ पुरपुस्कृत गर्ने | ७५ | तयारी भइरहेको |
| ९.९ | समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि Technical Group Monitoring | २०० | २ वटा संचालन भएको |
| १० | बीउ उत्पादन प्रवर्द्धन आयोजना | | |
| १०.१ | आत्मनिर्भताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | ७५० | सूचना प्रकाशन |
| ११ | रैथानेबाली प्रवर्द्धन आयोजना | | |

| | | | |
|---|---|---|---|
| ११.१ | रैथानेबाली उत्पादन प्रवर्धन कार्यक्रम | २०० | सूचना प्रकाशन |
| ११.२ | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन कार्यकर्यम | १००० | सूचना प्रकाशन |
| १२ | तालिम, गोष्ठी र कृषि तथ्यांक सम्बन्धि कार्यक्रमहरु | | |
| १२.१ | स्थानीय तहका पदाधिकारी/ कृषि प्राविधिकसंग समन्वयात्मक बैठक | २०० | १ वटा संचालन भएको |
| १२.२ | कार्यक्रम सार्बजनिकिकरण तथा सार्बजनिक सुनुवाई | १०० | सम्पन्न भएको |
| १२.३ | स्थानिय स्तरमा कार्यरत प्रा.स./ना.प्रा.स. हरूको क्षमता अभिबृद्धि तालिम | १५० | तयारी भइरहेको |
| १२.४ | बाली विशेष स्थलगत तालिम (सेवाटेवा सहित) | २५० | तयारी भइरहेको |
| १३ | समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजना | | |
| १३.१ | समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त ) | १८५०० | सूचना प्रकाशन |
| १३.२ | चैते धान प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त ) | ११९०० | सिजनमा संचालन हुने |
| १४ | पोषण सुरक्षण कार्यक्रम | | |
| १४.१ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | २५०० | बुलिङटार वडा नं.-४, बिनयीत्रिबेणी वडा नं. ३, मध्यबिन्दु वडा नं. ५, हुप्सेकोट वडा नं. ४ र देवचुली वडा नं. १६ बस्ति छनौट भई सम्झौता सम्पन्न भएको। |

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- कार्यालय मार्फत संचालन हुने कार्यक्रमहरुका लागि आवश्यक ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशद्वारा तयार हुन्छ। निर्माण भएका कानुनहरु molmac.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ।

११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरणः

| बजेट शिर्षक | वार्षिक बजेट (,०००) | अर्धबार्षिक लक्ष्य (,०००) | खर्च (,०००) | वित्तिय प्रगति (दोस्रो त्रैमासिक) |
|---|---|---|---|---|
| पूजिगत | ६०० | ६०० | ५९३ | ९८.८३ |
| चालु | ८०६५६ | ३४५४४ | २२२९१ | ६४.५२ |
| जम्मा | ८१२५६ | ३५१४४ | २२८८४ | ६५.११ |

**राजश्व संकलन विवरणः ५६००।-**

**१२. सूचना अधिकारीको व्यवस्था (दफा ६ बमोजिम):**

**प्रमुख/गुनासो सुन्ने अधिकारीको नामः** कूल प्रसाद तिवारी
पदः बरिष्ठ कृषि प्रसार अधिकृत (दशौं तह)
सम्पर्क नः ९८५७०८८१५४

**सूचना अधिकारीको नामः** विश्वास काफ्ले
पदः कृषि प्रसार अधिकृत (सातौं तह)
सम्पर्क नं.: ९८५७०८८१५४

**१३. सूचनाको हक सम्बन्धि नियमावली को नियम ३ ले निर्देश गरेअनुसार देहायबमोजिम व्यवस्था गरिएको छः**

- चालु आ.व. मा संचालन हुने कार्यक्रमहरुको विवरण वेभसाइटमा प्रकाशन गरिएको।
- अघिल्लो आ.व. मा संचालन भएका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण वेभसाइटमा प्रकाशन गरिएको।
- कार्यालयमा पेश भएको सूचना माग सम्बन्धि लिखित निवेदनहरु प्राप्त नभएको। मौखिक रुपमा सूचना तथा अन्य विवरणहरुको बारेमा जानकारी नियमित रुपमा गराइरहेको।
- कार्यालयले सम्पादन गर्ने कार्यक्रमहरुको प्रस्ताव आव्हानको लागि रेडियो, पत्रपत्रिका तथा वेभसाइटमा सूचना प्रकाशन गरिरहेको।